# चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको
# न्यायिक समितिको
# आ.ब.२०८१/०८२ को
# वार्षिक प्रतिवेदन

नगरसभामा पेश मिति : २०८१/०३/ ०९
नगरसभावाट स्वीकृत मिति : २०८१/०३/ ०९

**चन्द्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**चन्द्रनिगाहपुर, रौतहट, मधेश प्रदेश।**

CamScanner

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
मधेश प्रदेश, नेपाल

# चन्द्रपुर नगरपालिकाको न्यायिक समितीको आ.व. २०८१/०८२ को वार्षिक प्रगती प्रतीवेदन चन्द्रपुर नगरपालिका न्यायिक समिती चन्द्रनिगाहपुर, रौतहट

## सारसंक्षेप


नेपालको संविधानको धारा २१७ ले स्थानीय तहमा विवाद निरुपण गर्न न्यायिक समिती रहने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखि ५३ सम्म स्थानीय तहमा न्यायिक समितीको क्षेत्राधिकार तोकिएको छ र न्याय सम्पादन प्रक्रिया सम्वन्धि व्यवस्था स्थानीय न्यायिक प्रयोजनका लागि संवैधानिक ईतीहासमा पहिलो पटक भएको हो। संविधानमा उल्लेखित व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहमा रहेको छ। देश भरीका ७५३ वटा स्थानीय तहका न्यायिक समितीहरुबाट न्याय सम्पादन गर्ने प्रणालीबाट जनताको न्यायमा पहुंच सरल र सहज बनाउन मदत पुग्ने विश्वास लिइएको छ। साथै विवाद सामाधानका वैकल्पिक उपायहरु अवलम्बन गर्दा न्यायिक प्रक्रिया जित जितको अवस्था सुनिश्चत हुने र न्याय प्रतीको सन्तुष्टि तथा विश्वास बढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो, कम झन्झटिलो तथा मेलमिलापमुलक प्रक्रियाबाट सामाधान गर्न गराउन योगदान पुग्ने अपेक्षा गरीएको छ।

स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४६ देखि दफा ५३ सम्म स्थानीय तहहरुलाई न्यायिक समितीको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित गर्न चन्द्रपुर नगरपालिकाले न्यायिक समिती कार्यविधि सम्बन्धि ऐन २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको छ। निर्दिष्ट कानूनको अधिनमा रहि न्याय सम्पादन कार्यलाई पारदर्शी बनाउन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५३ (१) बमोजिम चन्द्रपुर नगरपालिकाको न्यायिक समितीको, सचिवालय तथा कानून इकाईबाट सम्पादन गरीएका कार्यहरुको वार्षिक विवरण नगर प्रमुख मार्फत नगर सभामा पेश गर्ने, न्यायिक समिती बाट सम्पादन भएका कार्यहरु पेश गर्ने उद्धेश्यले यो प्रतीवेदन तयार गरीएको छ। दैनिक प्रशासनिक तथा नियमित कार्यहरु सफलतापूर्वक सम्पादन भएकोछ, न्यायिक समितीको २० वटा बैठक सञ्चालन भई न्यायिक समिती समक्ष (गत आ.व. बाट जिम्मेवारी सरी आएका १३ र यस आ.व. पेश भएका समेत विभिन्न १४ वटा गरी जम्मा २७ वटा उजुरीहरु माथी छलफल गरी आवश्यक कार्वाही गरीएको छ। मिलापत्र तथा निर्णय भएका उजुरी संख्या ९ फछ्यौट भई लगतकट्टा गरीएको र ७ उजुरीहरु फछ्यौटको तयारीमा रहेका छन्।


जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

सरकार सञ्चालनमा महत्वपूर्ण अंगहरु मध्ये न्यायपालिका एक महत्वपूर्ण अंग रहेको छ। व्यवस्थापिकाले कार्यान्वयन गरेको कानून कार्यपालिकाले कार्यान्वयन गर्छ । यस क्रममा कानूनमा देखिएका अस्पष्टतालाई व्याख्या गर्ने र विवाद निरुपण गर्ने कार्य न्यायपालिकाले गर्छ । लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि स्थानीय तह देखि सुदृढ एवम् सबल बनाउनको लागि स्थानीय नेतृत्व, स्थानीय कानून र स्थानीय सरकारको व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा न्यायिक समतीको व्यवस्था गरेको छ । उल्लेखित विवादका विषय बाहेकका विषयहरु पनि न्यायिक समितीले मेलमिलापका माध्यमबाट टुङ्गो लगाउनु पर्छ। न्यायिक समितीमा उजुरी वा समीतीका नाममा म्याद पठाउने प्रतीउत्तर घुम्ने, प्रमाणको परीक्षण, साक्षी परीक्षण गर्ने, पिका यागि दुवै पक्षलाई उत्खरित गर्ने लगायत सबै प्रक्रिया टुङ्ग्याएर मात्र समितीले निर्णय गर्नु पर्ने व्यवस्था अवसरको रुपमा रहेको छ ।

**स्थानीय स्तरमा अदालती अभ्यासको सुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भए पनि सम्पादन गर्दा देहायका चुनौतीहरु रहेका छन् ।**

- न्याय सम्पादनका क्रममा कानूनी ज्ञानको अभाव हुनु तथा प्राविधिक ज्ञानको कमी रहनु,
- यचेष्ट प्रमाणको मूल्याकन नगरी फैसला हुन सक्ने,
- निर्वाचनको माध्यमबाट आएका जनप्रतीनिधी इजलासमा हुने भएकोले राजनितीक पुर्वाग्रह देखिने,
- कुनै पनि मुद्धामा सिधै जिल्ला अदालतमा जान सकिने भएकाले राजनितीक रुपले फरक विचारका व्यक्तिहरु सिधै जिल्ला अदालत जान सक्ने
- स्थानीय न्यायिक समितीको काम, कर्तव्य र अधिकार सम्वन्धि जानकारी नहुदा मुद्धा तथा उजुरीहरु अन्य निकायमा दर्ता हुन जाने ।

न्यायिक समितीबाट न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी बनाउने संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार बाट न्यायिक समितीका पदाधिकारीहरुको क्षमता अभिवृद्धिको लागि समय समयमा कानुन सम्वन्धि तालिम तथा गोष्ठिहरु सञ्चालन गरीनु पर्ने, न्यायिक समितीको सचिवालय तथा कानून इकाईमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न न्याय तथा कानून सम्वन्धि तालिमहरु सञ्चालन गराई क्षमता अभिवृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनु पर्ने, समिति

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

मार्फत भए गरेका काम कारवांहीहरुको नियमित अनुगमन गरी पृष्ठपोषण गर्नु पर्ने सुझाव तथा अपेक्षा समेत प्रतीवेदनमा उल्लेख गरीएको छ ।

**१ पृष्ठभूमि**

नेपालको संविधानले गाउंपालिका तथा नगरपालिकास्तरमा विवाद निरुपण गर्न न्यायिक समिती रहने व्यवस्था गरेको छ । स्थानीय न्यायिक प्रयोजनका लागि यी व्यवस्था नेपालको संवैधानिक ईतीहासमा पहिलो पटक भएको हो । संबिधानमा उल्लेक्षित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहको रहेको छ ।

**२ चन्द्रपुर नगरपालिकाको परिचय**

चन्द्रपुर नगरपालिका साविकको पाँच वटा गाविसहरु चन्द्रनिगाहपुर, पौराइ, जुडीबेला, सन्तपुर र डुमरिया मिलाई नेपाल सरकार मन्त्रिपरिषदको मिती २०७०।०१।०१ को निर्णय अनुसार घोषणा गरीएको हो । पूर्वमा बाग्मती नदी र पश्चिममा धन्सार खोला, उत्तरमा चुरे लेक र त्यो माथि रहेको मकवानपुर जिल्ला तथा दक्षिणमा वृन्दावन, गुजरा र गरुडा नगरपालिका रहेको छ । यो नगरपालिका रौतहट जिल्लाकै जनसंख्या र क्षेत्रफलको आधारमा ठूलो नगरपालिका हो । चन्द्रसमशेर प्रधानमन्त्रि हुदाँ बस्नको लागि निगाहा भएकोले यसको नाम चन्द्रनिगाहपुर रहन गएको भन्ने भनाई रहेको छ । त्यतीबेला राणाहरु तराई तीर सिकार खेल्न जादा यस क्षेत्रमा बस्ने गरेको पाईन्छ । जंग बहादुर तत्कालिन भिक्षाखोरी हालको अमलेखगञ्ज हुदै सिकार खेल्ने गरेको पाईन्छ । यस क्षेत्रमा २००७ सालको त्रान्ति पछि व्यापक रुपमा वन फँडानी भई मानव बस्ति बस्न थालेको पाईन्छ । यस नगरपालिकामा १० वटा वडाहरु रहेका छन भने क्षेत्रफल २४९.६ वर्ग कि.मि. रहेको छ । वि.स.२०७८ को जनगणना अनुसार १६८२० घरधुरी रहेकोमा पुरुष जनसँख्या ४०३०६ र महिलाको जनसँख्या ४१५०३ गरी जम्मा जनसँख्या ८१८०७ रहेको छ ।

**<u>स्थानीयतहको वर्तमान स्वरुप र न्यायिक अधिकार</u>**

नेपालको संविधानको भाग ५६१ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल व्याख्या संघ, प्रदेश र स्थानीय तह गरी तीनतहको हुनेछ भनि उल्लेख छ । संविधानको धारा ५६(२) मा नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीयतहले यस संविधान तथा कानून वमोजिम गर्ने छन भनि स्पष्ट गरीएको छ । नेपालको संविधानको धारा २१७ को उपधारा (१) मा कानून वमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न नगरपालिकाले, नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा तीन

सदस्यीय एक न्यायिक समिती रहने व्यवस्था गरेको छ। संविधानको धारा २१७ को उपधारा (२) मा न्यायिक समितीमा नगर सभा बाट आफू मध्येबाट निर्वाचित गरेका २ जना सदस्यहरु रहने गरी न्यायिक समितीको गठन विधि स्पष्ट गरेको छ

## प्रतीवेदन तयार विधि

न्यायिक समितीबाट सम्पादन गरीएका कार्यहरुको प्रतीवेदन तयार गर्न नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगरपालिकाले न्यायिक समिती कार्यविधि सम्बन्धि ऐन २०७५,न्यायिक समितीको बैठक पुस्तिकाहरुको बिशेष अध्ययन तथा बिश्लेषण गरी तयार गरीएको छ। उक्त प्रतीवेदन तयार गर्दा चन्द्रपुर नगरपालिकाको कार्य सम्पादन प्रकृयामा तथा चन्द्रपुर नगरपालिकाको कार्य सम्पादन चुस्त दुरुस्त वनाउन स्विकृत भई कार्यान्वयमा रहेका कानुनको अध्ययन विश्लेषण गरी तयार गरीएको छ।साथै प्रतीवेदन तयारको क्रममा देहाय बमोजिम अन्य दस्तावेजहरुको समेत अध्ययन विश्लेषण गरीएको छ।

१. मेलमिलाप ऐन २०६८ र नियमावली,२०७०
२. प्रमाण ऐन, २०३०
३. मुलुकी देवानी (संहिता) ऐन, २०७४
४. मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
५. मुलुकी अपराध (संहिता) ऐन, २०७४
६. मुलुकी फौजदारी कार्यविधि, २०७४
७. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन कार्यविधि), २०७४
८. न्यायिक समिती कार्यसम्पादन स्रोत पुस्तक, २०७४
९. चन्द्रपुर नगरपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याएका .ऐन, नियमावली,कार्यविधि, निर्देशिका तथा मापदण्डहरु
१०.अन्य प्रचलित ऐन कानूनहरु
११.चन्द्रपुर नगरपालिकाको न्यायिक समिती कार्यविधि सम्वन्धि ऐन २०७५

## न्यायिक समितीको अधिकार क्षेत्र

न्यायिक समिती बाट स्थानीय तहको न्याय निरुपण सम्वन्धि कार्य सम्पादन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको कानूनी व्यवस्था अनुसार चन्द्रपुर नगरपालिकाले न्यायिक समिती को क्षेत्राधिकार देहाय बमोजिम निर्धारण गरीएको छ।

जयमाला कुमारी चौधरी
उप-प्रमुख

## न्यायिक समितीको अधिकार क्षेत्र

**१. चन्द्रपुर नगरपालिकाको न्यायिक समितीलाई देहाय उजुरीहरुमा कार्वाही र किनारा गर्ने अधिकार रहेको छ ।**

क . स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४० उजुरीहरु,

ख. मेलमिलाय ऐन २०६८ अनुसार मेलमिलापको लागि नगरपालिकासा पेशित उजुरीहरु,

ग. संविधानको अनुसूची ८ अन्तर्गतको एकल अधिकार अन्तर्गत सभाले बनाएको कानून बमोजिम निरुपण हुने गरी सिर्जित उजुरी तथा,प्रचलित कानूंन बमोजिम नगरपालिकाले हेर्ने भनि तोकेका उजुरीहरु ।

**१.१ चन्द्रपुर नगरपालिकाको न्यायिक समिती देहाय अधिकार क्षेत्रका उजुरीहरुमा कार्वाही र किनारा गर्न सक्ने छ ।**

क. व्यक्तिको हकमा उजुरीका सबै पक्ष नगरपालिकाको भौगलिक क्षेत्राधिकार भित्र बसोबास गरी रहेको,

ख. प्रचलित कानून र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधिकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको,

ग. नगरपालिकाको क्षेत्राधिकार भित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेशित गरीएको,

घ. अचल सम्पती समावेस रहेको विषयमा सो अचल सम्पती नगरपालिकाको भौगलिक क्षेत्राधिकार भित्र रहीरहेको,

ङ. कुनै घटना संग सम्बन्धित विषयबस्तु रहेकोमा सी घटना नगरपालिकाको भौगलिक क्षेत्र भित्र घटेको

**१.२ क्षेत्राधिकार तथा क्षेत्राधिकार प्रयोग र न्याय तथा कार्य सम्पादन प्रक्रिया**

**१.२.१ क्षेत्राधिकार**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ४७.(१) बमोजिमको क्षेत्राधिकार देहाय बमोजिम विवादको निरुपण गर्ने, अधिकार रहेको छ ।

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

क.आलि, धुर, बाध, पैनी, कुली वा पानि घाटको बाँडफाँड तथा उपयोग,

ख. अर्काको बाली नोक्सानी गरेको,

ग. चरन घाँस दाउरा,

घ. ज्यालामजदुरी नदिएको,

ङ. घर पालुवा पशुपन्छी हराएको वा पाएको,

च. जेष्ठ नागरीकको पालनपोषण तथा हेरचाह नगरेको,

छ. नाबालक छोरा(छोरी वा पती(पत्नी लाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको,

ज. वार्षिक २५ लाख रुपैयाँसम्मको बिगी भएको घर बहाल र घर वहाल सुविधा,

झ. अन्य व्यक्तीको घर जग्गा वा सम्पतीलाई असर पर्ने गरी रुख विरुवा लगाएको,

ट. आफ्नो घर बा बलेसी बाट अर्काको घरजग्गा वा सार्वजानिक बाटोमा पानी झोरेको,

ठ. संधियारको जग्गा तर्फ झ्याल राखी, घर बनाउनु पर्दा कानून वमोजिम छोड्नु पर्ने परिणामको जग्गा नछोडी बनाएको,

ड. कसैको हक या स्वामित्वमा भए पती परापुर्व देखि सार्वजानिक रुपमा प्रयोग हुदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउँ चराउने चौर, कुलो नहर, पोखरी, पाटी पौवा, अन्त्येष्ठि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजानिक स्वलको उपयोग गर्न नदिएको, वा बाधा पुर्याएको,

ढ. संघीय वा प्रदेश कानुनले स्थानीयतह बाट निरुपण हुने भनि तोकेका अन्य बिवाद

**२. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (२) अनुसार देहाय बमोजिमका विवादमा न्यायिक समितीले मेलमिलापको माध्यम बाट मात्र निरुपण गराउन पाउँछ, यी विवादको बारेमा निर्णय दिन पाउदैन ।**

क. सरकारी सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी,मिचि वा घुसाई खाएको,

ख. सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आप्नो हक नपुग्ने अरुको जगगामाघर वा कुनै संरचना बनाएको,

ग. पती/पत्नि विचको सम्बन्ध विच्छेद,

घ. अङ्गभङ्ग बाहेकको बढीमा १ बर्ष सम्म कैद हुन सक्ने कुटपिट,

ङ. गाली बेंईज्जती,

च. लुटपिट,

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

छ. पशुपंछी छाडा छाडेको वा पशुपन्छी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको,

ज .अरुको आवासमा अनाधिकृत रुपमा प्रवेश गरेको,

झ. अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,

ञ. ध्वनी प्रदुषण गरी वा फोहरमैला फ्याकी छिमेकीलाई असर पुर्याएको,

ट. प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद।

**३ अधिकार क्षेत्रको प्रयोगः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४८ अनुसार न्यायिक समितीको अधिकार क्षेत्र प्रयोग गर्न देहाय बमोजिम गर्नु पर्ने व्यवस्था गरेको छ।

**१ समितीको निर्णय प्रकृया :** न्यायिक समितीको अधिकार क्षेत्रको प्रयोग न्यायिक समिती संयोजक र सदस्यको सामूहिक रुपमा प्रयोग गर्ने छन र बहुमतको राय न्यायिक समितीको निर्णय मानिने छ। न्यायिक समितीको संयोजक र अर्को एक जना सदस्यको उपस्थिती भएमा विवाद सम्वन्धि कार्वाही तथा निरोपण गर्न सकिने व्यवस्था रहेको छ। न्यायिक समितीको संयोजक र अर्को एक जना सदस्यको उपस्थिती भएमा विवादको निरुपण गर्न बाहेक अरु कार्वाही गर्न सकिने छ। कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितीमा भएका अन्य दुवै जना सदस्यको सर्वसम्मतीमा विवादको कार्वाही तथा निरुपण गर्न सकिनेछ।

**२. स्वार्थ गासिएका मुद्धा नहेर्ने :** कुनै विवादको सम्बन्धमा न्यायिक समितीको संयोजक वा कुनै सदस्यको निजि सरोकार वा स्वार्थ गाँसिएको वा त्यस्तो संयोजक वा सदस्यको नाता भित्रका व्यक्ति विवादका पक्ष भएमा निजवाट सो विवादको कार्वाही र किनारा हुन सक्ने छैन। कुनै संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा त्यस्तो संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कार्वाही र किनारा गर्न सक्नेछन्। संयोजक र सबै सदस्यले त्यस्तो विवादको कार्वाही र किनारा गर्ने गरी तोक्नु पर्नेछ। विवादको कार्बाही र किनारा गर्दा तीन जना सदस्य मध्यको जेष्ठ सदस्यले न्यायिक समितीको सदस्य भई काम गर्ने छ।

**३. अन्य न्यायिक निकायका मुद्धा नहेर्ने** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ मा उल्लेखित विवाद वा उजुरीका विषयमा अन्य न्यायिक निकायमा उजुरी परेको जानकारी प्राप्त हुन आएमा सो निकाय बाट विवादको टुंगो नलागे सम्म न्यायिक समिती यसमा प्रवेश गर्ने छैन।

**४. सम्पती रोक्का र फुकुवा गर्न सक्ने :** न्यायिक समितीले आफू समक्ष परेको विवादमा बादीले प्रतीबादीको नाममा कुनै बैंक, कम्पनी, वित्तीय संस्था वा अन्य कुनै निकायमा रहेको खाता, निक्षेप वा

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

प्रतीवादीले पाउने कुनै रकम यथा स्थितीमा राखी कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतीबादीको हक भोगको कुनै अचल सम्पती कसैलाई कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्न बाट रोक्काको लागि निबेदन दिएकोमा न्यायिक समितीले प्रारम्भिक जांचबुझ बाट सो बमोजिम गर्ने उपयुक्त देखेमा अवधि तोकी रोक्काको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने छ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का गरी त्यसको जानकारी न्यायिक समितीलाई दिनु पर्ने छ । सम्पती रोक्का भएकोमा प्रतीवादीले रोक्का फुकुवा गर्नको लागि न्यायिक समिती समक्ष निवेदन दिएमा सो समितीले त्यस्तो रोक्का फुकवा गर्न मनासिब देखेमा र रोक्का फुकुवाको लागि सम्बन्धित निकायमा पठाउन सक्ने छ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का फुकुवा गरी त्यसको जानकारी न्यायिक समितीलाई दिनु पर्नेछ ।

**५. अन्तरिम संरक्षणात्मक आदेश दिन सक्ने** : न्यायिक समितीले अधिकार क्षेत्रको प्रयोग गर्दा पती पत्नी बिचको वा जेष्ठ नागरीकको संरक्षण सम्वन्धि विवादमा पीडित, निजका नावालक सन्तान वा निज संग आश्रित अन्य कुनै पनि व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्नेछ -:

क. पिडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

ख. पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,

ग. पीडितलाई अलगरुपमा बसोबासको प्रवन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,

घ. पीडितलाई गाली गलौच गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न नगराउन,

ड. पिडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गराउन ।

कुनै विवादको सम्बन्धमा न्यायिक समितीमा कुनै विवाद परेकोमा प्रचलित कानूनमा मुद्धा गर्ने निकाय समक्ष प्रतीवादी उपस्थित हुनु पर्ने म्याद किटिएको भए सोही म्याद भित्र र म्याद किटिएको नभएमा बाटोका म्याद बाहेक १५ दिन भित्र प्रतीबादी आफै वा आफ्नो वारेस मार्फत लिखित व्यहोरा सहित न्यायिक समिती समक्ष उपस्थित हुनु पर्नेछ । विवादमा न्यायिक समितीले मेलमिलाप गराउने प्रयोजनका लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्नेछ । कुनै पालिकामा वडामा एक भन्दा बढी

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

मेलमिलाप केन्द्र भएमा न्यायिक समितीले विवादका पक्षहरुले रोजेको वा सो विषयमा पक्षहरु विच सहमती नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलापद्धारा विवाद सामाधानको लागि पठाउन सक्ने छ । न्यायिक समितीले विवादको निवेदनमा कारबाही र किनारा गर्न निवेदन दर्ता, त्यस्तो विवादको आवश्यक जाँचबुझ तथा कारबाही, म्याद तामेली, पक्षहरु उपस्थित गराउने तथा मिलापत्र गराउने प्रकृया विवादको किनारा गर्नुपर्ने अवधी, लागत कट्टा गर्ने लगायतका विवादको निरुपण सम्वन्धि अन्य कार्यविधि स्थानीय कानुन बमोजिम हुनेछ ।

## ४. न्याय सम्पादन प्रक्रिया

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ४९ बमोजिम न्यायिक समितीले आफू समक्ष पेश भएको विवादको निवेदन दर्ता गरी न्यायिक कार्यविधि सम्वन्धि ऐन २०७५ को अनुसूची २ बमोजिम दर्ता निस्सा सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ । न्यायिक समितीमा कुनै विवाद सम्बन्धमा कुनै निबेदन वा उजुरी भए पश्चात न्यायिक समिती कार्यविधि ऐन २०७५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार देहायको प्रकृया पुरा गरी न्याय सम्पादन गर्नु पर्छ ।

## समितीले मेलमिलाप गराउने

क. न्यायिक समितीले आफू समक्ष पेश भएको विवादको निवेदनको कार्वाही र किनारा गर्दा सम्भव भए सम्म मेलमिलाप गर्न प्रोत्साहन गरी दुवै पंक्षको सहमतीमा मिलापत्र गराउनु पर्नेछ ।

ख. पक्षहरु विच मिलापत्र हुन नसकेमा ऐनको दफा ४७ (१) मा उल्लेखित विवादमा न्यायिक समितीले कानून बमोजिम विवादको किनारा गर्नु पर्दछ ।

ग . मिलापत्र गराउदा न्यायिक समितीले आफूले सुचिकृत गरेको मेलमिलापकर्ता बाट गराउनु पर्ने छ ।

घ. न्यायिक समितीले ऐनको दफा ४७ मा उल्लेखित विवादमा प्रतीवादी उपस्थित भएको मितीले तीन महिना भित्र मेलमिलापको माध्यमबाट टुङ्गयाउनु पर्ने व्यवस्था रहेको छ। सो अवधी भित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुनुवाई विवाद र सो संग सम्बन्धित मिसिल कागज प्रमाण समेत सम्बन्धित अदालत पठाई दिनु पर्नेछ ।

ङ. पक्ष हाजिर हुन आएमा सम्बन्धित अदालतले प्रचलित कानून बमोजिम सो मुद्दाको कावांही किनारा गर्नु पर्नेछ ।

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

**<u>लिखित जानकारी दिनु पर्ने</u> :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (५०) न्यायिक समितीबाट विवादको अन्तिम निर्णय भएको मितीले पैतीस दिन भित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रतीलीपी उपलब्ध गराउनु पर्ने छ।

**<u>पुनराबेदन गर्न सक्ने</u>:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (५१) न्यायिक समितीबाट निर्णयमा चित्त नबुन्ने पक्षले निर्णय जानकारी प्राप्त भएको मितीले पैतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने छ।

**<u>मिलापत्र वा निर्णय कार्यान्वयन गर्ने</u>:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (५२)

- न्यायिक समितीबाट भएको मिलापत्र वा निर्णयको कार्यपालिकाले तत्काल कायर्यान्यन गर्नु गराउनु पर्नेछ।
- न्यायिक समितीवाट भएको मितीपत्र र निर्णय कार्यान्वयन सम्वन्धि अन्य व्यवस्था स्थानीय कानुन बमोजिम हुनेछ।
- अभिलेख राख्नु पर्ने स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (५३)नगरपालिकाले न्यायिक समितीबाट मिलापत्र वा निर्णय भएका विवादसंग सम्बन्धित लिखत मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रुपमा राख्नु पर्नेछ।

**<u>सभामा प्रतीबेदन पेश गर्ने</u> :** स्थानीय सरकार संचालन ऐन; २०७४ को दफा (५३) व्यामिक समितीले आफूले गरेका कामको वार्षिक विवरण नगर प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नु पर्नेछ।

**वार्षिक प्रगती विवरण**

**<u>न्यायिक समिती सम्वन्धि व्यवस्था</u> :** चन्द्रपुर नगरपालिकाले नेपालको संविधानको धारा २१७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बमोजिम नगरसभा बाट देहाय बमोजिम न्यायिक समिती गठन गरी कार्यान्वयनमा ल्याएको छ।

**<u>तपशिल</u>**

**श्री जयमाला कुमारी चौधरी संयोजक**
**श्री विष्णु प्रसाद उप्रेती, सदस्य**
**श्री टंकेश्वर चौधरी सदस्य**
श्री चन्द्रकला वराल, सदस्य सचिव

**सम्पादित क्रियाकलापहरु**

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

आ.व. २०८१/०८२ को जेठ मसान्त सम्ममा न्यायिक समिती, सचिवालय बाट सम्पादन गरीएका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन।

**क. दैनिक प्रशासनिक तथा नियमित कार्यहरु**

चन्द्रपुर नगरपालिका नगकार्यपालिकाको कार्यालय, न्यायिक समिती बाट सम्पादन गरीनुपर्ने दैनिक नियमित क्रियाकलापहरु सम्पादन गर्न श्री चन्द्रकला वराल लाई उजुरी प्रसाशक तोकिएको छ। न्यायिक समितीबाट न्याय सम्पादन लगायतका कानूनी सहायताको लागि कानून व्यवसायी अधिवक्ता दिलिप कोईरालालाई सेवा परामर्श मार्फत चन्द्रपुरं नगरपालिकाको कानूनी सल्लाहकार तोकिएको छ र नियमित कार्य सम्पादन भईरहेको छ।

क. आर्थिक बर्ष. २०८१/०८२ मा न्यायिक समितीका १८ वटा बैठक सम्पन्न गरीएका छन। आ.व. २०८०/८१ को अवधिमा फछ्यौट हुन बाकी दायित्व सरि आएका र यस आ.व. २०८१/०८२ मा न्यायिक समिती समक्ष पेश भएका उजुरी दर्ता भई नियमानुसार कार्वाही गर्ने प्रक्रिया व्यवस्थित गरीएको छ।

**न्यायिक समितीको बैठक व्यवस्थापन तथा कार्य सम्पादन**

२०८१ वैशाख देखि २०८२ असार मसान्तसम्म विभिन्न मिती र समयमा १८ वटा बैठक संचालन भई तपशिल बमोजिम कार्य सम्पादन गरीएको छ।

क. गत आ.व. २०८०।०८१ बाट सारिएका उजुरी संख्या १३ र यस आ.व. ०८१।०८२ को असार मसान्त सम्म यस चन्द्रपुर नगरपालिकाको न्यायिक समिती समक्ष पेश भएका १४ बटा उजुरीहरु समेत कुल उजुरी संख्या २७ वटाको कार्य सम्पादन सम्वन्धि विवरण देहाय बमोजिम रहेकोछ।

तपशिल

| गत आ.व.को अल्या संहित कुल पेश भएका उजुरी संख्या | यस आ वमा दर्ता भएका उजुरुको संख्या | दरपिठ गरीएका संख्या | उजुरी फिर्ता संख्या | मेलमिलाप हुन नसकी सम्बन्धित निकायमा पठाईएका संख्या | उजुरी फरछ्यौट भई लगत कट्टा गरीएका संख्या | छलफलको क्रममा रहेका तथा कार्वाही नभएको संख्या |
|---|---|---|---|---|---|---|
| १३ | १४ | ० | ० | २ | ८ | १७ |

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

**सभाध्यक्ष महोदय ,**

**आर्थिक बर्ष २०८१/०८२**

१. न्यायिक समितीमा प्राप्त भएका, किनारा लागेका, छलफल हुन बाँकी, प्रकृयामा रहेका तथा सम्वन्धित निकायमा पठाएका उजुरीहरुको विवरण तपशिल अनुसार रहेको छ।

| प्राप्त भएका उजुरीहरुको विवरण | प्राप्त संख्या | किनारा लागेका उजुरी संख्या मेलमिलापको माध्यामबाट | निरुपण भएका उजुरीहरु | टुङ्गो लाग्न वाँकी उजुरी संख्या प्रकृयामा रहेका | माथिल्लो निकायमा जाने निर्णय भएको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| जग्गा किचलो/जग्गा विवाद | ६ | १ | १ | ४ | | |
| लेनदेन | १२ | ४ | | ८ | | |
| घर भाँडा | १ | | | १ | | |
| जेष्ठ नागरीको हकमा संरक्षणात्मक आदेश | १ | १ | ० | ० | ० | |
| गाली गलोज / | २ | २ | ० | ० | ० | |
| बाटो निकास | २ | ० | ० | २ | ० | |
| सम्पतीको संरक्षण गरी पाँउ | १ | १ | ० | ० | ० | |
| साध सिमाना | १ | १ | ० | ० | ० | |
| घरेलु हिसां | १ | | | १ | | निवेदन पेश भए पश्चात सम्पर्कमा नआएको |
| **जम्मा** | २७ | ९ | १ | १७ | ० | प्रकृयामा रहेका |

२. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान १० वटालाई समेटेर र्‍याली तथा कार्यक्रम संचालन तथा लैङ्गिक हिंसाका सम्वन्धमा व्यापक प्रचारप्रसार गरी मनाइएको छ। साथै महिला, बालबालिका,

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरु तथा अन्य लक्षित वर्गको हक अधिकार र न्यायसँग सम्वन्धित विविध दिवशहरु तथा कार्यक्रमहरु सम्पन्न गरीएको छ।

३. नगरपालिकाको आर्थिक सहयोगमा विभिन्न गैरसरकारी संघसंस्थाहरुको आयोजनामा न्यायिक निकायमा पहुँच स्थापना तथा न्याय प्राप्तीमा महिला दलित पिछडिएको वर्ग तथा समुदायको पहुँच अभिवृद्धिको लागि विभिन्न चेतनामूलक कार्यशाला, अभिमुखिकरण कार्यक्रमहरु संचालन गरीएको छ।

४. न्यायिक समितीको सचिवालयमा दर्ता भएका धेरै उजुरीहरु मध्ये लेनदेन को मुद्दा बढी रहेको र पक्ष विपक्ष दुवै सम्पर्कमा नआएकाले किनारा लगाउन नसकिएको र केही उजुरीहरु प्रकृयामा रहेको जानकारी गराउदछु।

५. नगरका दश वटै वडाहरुवाट मेलमिलापकर्ताको विवरण सूचिकृत गरी प्रत्येक वडामा मेलमिलाप केन्द्रको स्थापना गरी मेलमिलाप कार्य संचालन भएता पनि केहि वडाहरुमा मेलमिलाप केन्द्रहरुबाट सहि ढंगवाट उजुरीहरुमाथि मेलमिलाप हुने गरेको तथा धेरै वडाका मेलमिलाप केन्द्रहरुले उजुरी माथि मेलमिलाप गराउन नसकिरहेको जानकारी अवगत गराउदछु।

६. कती पय उजुरीहरु न्यायिक समितीका क्षेत्र अधिकार भन्दा पनि वाहिरका भएता पनि नगरवासीका विश्वासका कारण दर्ता गरी मेलमिलापका माध्यामबाट , छलफलवाट उजुरीहरुलाई निरुपण गर्ने मौका प्राप्त हुदा झनै उत्साह बढेको छ।

**७. न्यायिक समितीले उजुरी माथि छलफल गरी निरुपण गरेको सो निरुपण चित्त नवुझेर सम्मानित जिल्ला अदालत पुनरावेदन परेको २ वटा मुद्धा माथि न्यायिक समितीले गरेको निर्णयलाई नै सदर गरेको छ। साथै त्यही मुद्धा मध्ये १ वटा उच्च अदालतबाट पिन सदर भएको जानकारी गराउदै यो कार्य चन्द्रपुर नगरपालिकाको न्यायिक समितीको ठुलो उपलब्धि मानिएको छ।**

८. न्यायिक समितीको अधिकार क्षेत्र भन्दा वाहिरका धेरै उजुरीहरु आउने गरेका छन् तथापी वहाँहरुको विश्वासलाई सम्मान गर्दै दर्ता प्रकृया मा नल्याई छलफल र आवश्यकता अनुसार नाँपजाचको माध्यामबाट ती उजुरिमा मेलमिलाप गरीएको छ।

१०. आ.ब २०८१/०८२ मा जम्मा १९ वटा बैठक दर्ता प्रकृयाबाट बसेको छ भने लगभग १५/१६ बैठक अनौपचारिक रुपमा बसी उजुरी माथि छलफल गरीएको छ।

११. न्यायिक समितीमा दर्ता भएका १० वटा देनदेनका उजुरीहरु माथि मेलमिलाप गर्न सकिएको छैन सबै प्रकृयामा रहेका छन्। लेनदेनमा लिने वेलामा प्रमाण नचाहिन र दिने वेलामा प्रमाण खोजी गर्ने प्रवृतीका कारण न्यायिक समितीले मेलमिलाप गराउन सकेको छैन।

<u>मुख्य उपलव्धी</u>

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

क. दैनिक प्रशासनिक तथा नियमित कार्यहरु सफलतापूर्वक सम्पन्न गरीनु।

न्यायिक समितीको १९ वटा बैठक संचालन भई न्यायिक समिती समक्ष गत आ.व. बाट जिम्मेवारी सरी आएका १३ वटा र यस आ .व. दर्ता भएका १४ वटा समेत २७ बटा उजुरीहरु सम्वन्धि छलफल गरी आवश्यक कार्वाही गरीएको छ भने लगभग १५/१६ बैठक अनौपचारिक रुपमा बसी उजुरी माथि छलफल गरीएको छ।

ख. न्यायिक समितीको कार्यलाई छिटो छरितो बनाउन र वडास्तर बाट मेलमिलापको माध्यामबाट नै सामाधांन गर्ने गरीएको छ।

ग. वडास्तरीय मेलमिलापकर्ताका लागि तालिम सञ्चालन गरी सम्पन्न गरीएको छ।

**घ. न्यायिक समितीले गरेका २ वटा निर्णयहरुलाई जिल्ला अदालत गौर र उच्च अदालत विरगञ्जले सदर गरेको छ। न्यायिक समिती यो निर्णयलाई ठुलो उपलब्धी मानेको छ।**

**स्थानीय तहमा न्यायिक समितीका अवसर**

सरकार सञ्चालनका महत्वपूर्ण अंग मध्ये न्यायपालिका एक महत्वपूर्ण अंग हो। व्यवस्थापिकाले तयार गरेको कानून कार्यपालिकाले कार्यान्वयन गर्छ। यस क्रममा कानूनमा देखिएका अस्पष्टतालाई व्याख्या गर्ने विवाद निरुपण गर्ने काम न्यायपालिकाले गर्छ। विश्वका केही देशहरुले अभ्यास गर्दै आएको स्थानीय तहको अदालती अभ्यास नेपालमा सुरुवाती अवस्थामा छ। लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि स्थानीय तह देखि नै सुदृढ एव सवल बनाउनको लागि सुदृढ एवं सवल नेतृत्व स्थानीय कानून र स्थानीय सरकारको व्यवस्थापनको लागि स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा न्यायिकं समितीको व्यवस्था गरेको छ। उल्लेखित विवादका विषय बाहेकका विषयहरु पनि न्यायिक समितीले मेलमिलापका माध्यमबाट टुङ्गो लगाउनु पर्छ। न्यायिक समितीमा उजुरी वा फिराद पेश भए पछि विपक्षीका नाउंमा म्याद पठाउने, प्रतीउत्तर बुझ्ने, प्रमाणको परीक्षण, साक्षी परीक्षण गर्ने, मेलमिलापका लागि दुवै पक्षलाई उत्प्रेरित गर्ने लगायत सबै प्रक्रिया टुङ्ग्यार मात्र समितीले निर्णय गर्नु पर्दछ। निर्णय गर्दा ३ जना सदस्यको सहमती नभए दुई जनाको निर्णयले फैसला गरीन्छ। फैसलामा समिती सयोजक अनिवार्य हुन् पर्दछ। निर्णयमा चित्त नबुझ्ने पक्षलाई पुनरावेदनका लागि म्याद दिने व्यवस्था समेत गरीएको छ।

**स्थानीय तहमा न्यायिक समितीका चुनौती**

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

**स्थानीय स्तरमा अदालती अभ्यासको सुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भए पनि न्यास सम्पादन गर्दा देहायका चुनौतीहरु रहेका छन ।**

- न्याय सम्पादनका क्रममा कानूनी ज्ञानको अभाव हुनु तथा प्राविधिक ज्ञानको कमी रहनु
- यथेष्ट प्रमाणको आधारमा मुद्धाको सुनुवाई गरीने हुदां प्राप्त प्रमाणको अभावमा फैसला हुन सक्ने,
- कुनै पनि मुद्धामा सिधै जिल्ला अदालतमा फिराद गर्न सकिने भएकाले पुर्वाग्रह तया रिसईबी साध्न स-सानो विवादमा पनि जिल्ला अदालतमा उजुरी दिन सक्ने,
- न्यायिक समितीमा परेको विवादमा प्रतीउत्तर फिराउने, तारेख थाम्ने, साक्षीको बकपत्र गर्ने तथा सर्जमिन मुचुल्का गर्न नसक्दा डिसमिस फैसला गर्नु पर्ने ।
- न्यायिक सम्पानदका क्रममा म्याद सुचना वुझ्ने तर सम्पर्कमा नआउने भएकाले निवेदनलाई कार्वाही किनारामा समस्या रहेको ।

<u>सुझाव</u>

**न्यायिक समितीको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा देंहाय बमोजिम सुझावहरु पेश गरीएको छ ।**

क. संघीय तथा प्रदेश तह बाट बेलाबखतमा नगरपालिका तथा वडाहरुमा न्यायमा पहुचका लागि कानून सम्वन्धि प्रशिक्षण दिनु पर्ने,

ख. न्यायिक समिती सदस्यहरु, र न्यायिक समितीमा काम गर्ने कर्मचारीहरुलाई विभिन्न तालिम तथा अभिमुखीकरण गोष्ठीमा सहभागी गराई क्षमता अभिवृद्धि गर्नु पर्ने,

ग. न्यायिक समितीको इजलास र सचिवालको व्यवस्थापन सुधार ल्याउन सघं प्रदेशबाट अनुगमन ,सल्लाह ,सुझाव र पृष्ठ पोषण प्रदानगर्नु पर्ने,

घ न्यायिक समितीवाट भएका निर्णयहरु कार्यान्वयनको लागि नगर कार्यपालिकालाई जिम्मेवार बनाउनु पर्ने,

ङ. विवाद सामाधानमा मेलमिलापकर्ताको भूमिका महत्वपुर्ण र अनिवार्य रहनु पर्ने कानूनी व्यवस्था भए अनुरुप मेलमिलापकर्ताका लागि आवश्यक पारिश्रमिकको व्यवस्था गरीनु पर्ने,

जयमाला कुमारी चौधरी
उप-प्रमुख

च.न्यायिक समिती तथा अन्य अर्धन्यायिक निकायमा पेश हुने निवेदन, फिरादपत्र, प्रतीउत्तर पत्र तथा उजुरी सम्वन्धि आम नागरीकलाई ज्ञान नहुदा लेखापढी तालिम सञ्चालन गरीनु पर्ने.

छ. न्यायिक समितीलाई प्रभावकारी बनाउन आवश्यक सम्पूर्ण ऐन, नियम, विनियम, विधिशास्त्र, आदि पाठ्यपुस्तक सहितको पुस्तकालयको व्यवस्था गरीनु पर्ने।

*नोटः –न्यायिक समितीमा उजुरी दर्ता हुने क्रम बढदो रुपमा रहेको जानकारी गराउदछु ।*

**नगरसभाका अध्यक्ष महोदय, एंव उपस्थित सम्पुर्ण महानुभावहरु,**

अन्त्यमा, न्यायिक समितीको न्याय सम्पादन सम्वन्धी काम कारवाहीहरुलाई अझ प्रभावकारी , व्यवस्थित एंव जनमुखी वनाई समाज शान्ति, अमनचयन र सद्धभाव कायम राख्न ,विवादलाई द्वन्द्व रुपान्तरण हुनवाट रोक्न, द्वन्द्वबाट हुन सक्ने सम्भवित मानवीय, आर्थिक, भौतीक तथा सामाजिक क्षती हुन नदिन र सवैलाई समान न्यायको वातावरण स्थापित गर्न समिती पूर्ण प्रतीवद्ध रहेको सम्मानित सभालाई जानकारी गराउदै समितीवाट हाल सम्म भएका र आगामी वर्षहरुमा उत्कृष्ठ न्यायिक निरुपण तथा न्यायिक गतीविधिहरुलाई प्रभावकारी बनाउन सहयोग गर्नुहुने नै छ भन्ने पुर्ण अपेक्षाका साथ नगरसभा सदस्यहरु नगरपालिकाका सम्पुर्ण कर्मचारीहरु, वडा कार्यालयहरुका कर्मचारीहरु, सुरक्षाकर्मी, राजनैतीक दल, विभिन्न सरोकारवाला संघसंस्था, आमा समुह, महिला समुह लगायतका सम्पुर्ण नगरबासी आमाबुबा, दाजुभाई तथा दिदिवहिनीहरु बाट सहयोगको अपेक्षा गर्दै हार्दिक धन्यवाद एंव आभार व्यक्त गर्न चाहान्छु।

धन्यवाद।

जयमाला कुमारी चौधरी
संयोजक, न्यायिक समिती
चन्द्रपुर नगरपालिका, रौतहट।

**जयमाला कुमारी चौधरी**
**नगर उप-प्रमुख**